फिक्कल गाउँपालिका

खाङसाङ, सिन्धुली

बागमती प्रदेश, नेपाल

स्थानीय राजपत्र

खण्डः८ संख्याः३ मितिः २०८१/०५/०९

भागः २

# कक्षा १० मा अतिरिक्त कक्षा सञ्चालन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१

गाउँकार्यपालिकाबाट स्वीकृत मितिः२०८१/०५/०७

प्रमाणित मितिः२०८१/०५/०९

**प्रस्तावना:-**

माध्यमिक तहको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि कक्षा १० को पठनपाठनलाई थप प्रभावकारी बनाउन, विषयवस्तुको पाठ्यघण्टालाई बढाई विद्यार्थीको निरन्तर सिकाईलाई क्रियाशील बनाउन, एस.ई.ई. परीक्षा नतिजालाई गुणस्तरीय र शत प्रतिशत हासिल गर्न थप अतिरिक्त कक्षा संञ्चालन गर्न बाञ्छनीय भएकाले फिक्कल गाउँपालिकाको शिक्षा ऐन, २०७४ तथा फिक्कल गाउँपालिकाको प्रशासकीय कार्यविधि २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी फिक्कल गाउँ कार्यपालिकाले यो कार्यविधी बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**संक्षिष्त, नाम, परिभाषा र उदेश्य**

१. संक्षिप्त नाम, प्रारम्भ : १. यस कार्यविधिको नामः "कक्षा १० मा अतिरिक्त कक्षा सञ्चालन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१" रहेको छ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यक्रम " भन्नाले " कक्षा १० मा अतिरिक्त कक्षा संचालन  सम्झनु पर्दछ ।

ख) "विद्यालय" भन्नाले सामुदायिक माध्यमिक विद्यालय सम्झनु पर्दछ ।

ग) "अतिरिक्त कक्षा " भन्नाले सामुदायिक माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुलाई विद्यालयको नियमित समय बाहेकको थप पठनपाठनको समय  सम्झनु पर्दछ ।

घ) " निर्देशक समिति" भन्नाले दफा ४ वमोजिम गठन हुने निर्देशक समिति सम्झनु पर्दछ ।

ङ) " अनुगमन समिति" भन्नाले दफा  ७ वमोजिम गठन हुने अनुगमन समिति सम्झनु पर्दछ ।

च) " कार्यक्रम कार्यान्वन समिति" भन्नाले दफा ९ वमोजिम गठन हुने कार्यक्रम कार्यान्वयन समिति सम्झनु पर्दछ ।

छ) "अध्यक्ष" भन्नाले  गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ ।

ज) "उपाध्यक्ष" भन्नाले गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फिक्कल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ञ) "सामाजिक विकास समिति संयोजक" भन्नाले फिक्कल गाउँपालिकाको सामाजिक विकास समिति संयोजक सम्झनु पर्दछ ।

ट) "वडा अध्यक्ष" भन्नाले फिक्कल गाउँपालिकाको वडा अध्यक्ष सम्झनु पर्दछ ।

ठ) "शिक्षा शाखा प्रमुख" भन्नाले फिक्कल गाउँपालिकाको शिक्षा शाखा प्रमुख सम्झनु पर्दछ ।

ड) "व्यवस्थापन समिति अध्यक्ष" भन्नाले सम्वन्धित विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्दछ ।

ढ) "शिक्षक अभिभावक संघ अध्यक्ष" भन्नाले सम्वन्धित विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्ष सम्झनु पर्दछ ।

ड)" प्रधानाध्यापक " भन्नाले सम्वन्धित विद्यालयको प्राधानाध्यापक सम्झनु पर्दछ ।

ढ) "अभिभावक" भन्नाले कक्षा १० मा अध्ययनरत विद्यार्थीका वुवा, आमा वा संरक्षक सम्झनु पर्दछ ।

त) "गाउँपालिका" भन्नाले फिक्कल गाउँपालिका सिन्धुली सम्झनु पर्दछ ।

थ) "शिक्षक " भन्नाले कक्षा १० मा अध्यापनरत सम्पुर्ण शिक्षक सम्झनु पर्दछ ।

द) विद्यार्थी भन्नाले कक्षा १० मा अध्ययनरत विद्यार्थी सम्झनु पर्दछ ।

३. कार्यक्रमको उद्देश्य देहाय वमोजिम हुनेछ :

क) एस.ई.ई को नतिजा शत प्रतिशत वनाउने,

ख) शिक्षक,अभिभावक र विद्यार्थी विचको त्रिकोणात्मक सम्वन्धलाई वलियो वनाउने,

ग) अतिरिक्त कक्षा संञ्चालन गरि विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न,

घ) विद्यार्थीको सिकाई उपलव्धि अभिवृद्धि गर्ने,

ङ) शिक्षक र विद्यार्थीको सम्वन्ध सुमधुर बनाउने ।

## परिच्छेद २

## समिति सम्वन्धि व्यवस्था

४. निर्देशक समिति

१. कार्यक्रम कार्यान्वन सम्वन्धि आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वयन र व्यवस्थापनको लागि गाउँपालिका स्तरमा देहाय वमोजिमको निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

घ) सामाजिक विकास समिति संयोजक सदस्य

ङ) वडा अध्यक्षहरु सदस्य

च) शिक्षक महासंघ अध्यक्ष सदस्य

छ) शिक्षा शाखा प्रमुख सदस्य सचिव

५. "निर्देशक समितिको" काम, कर्तव्य र अधिकारः देहाय बमोजिम हुने छः

क) कार्यक्रम कार्यान्वयन सम्वन्धि नीति नियम निर्धारण गर्ने,

ख) स्रोत, साधन र बजेटको व्यवस्थापन गर्ने,

ग) गाउँपालिकाबाट विद्यालयलाई प्रदान गर्ने अनुदान रकम तोक्ने,

घ) कार्यक्रम कार्यान्वयनको प्रगति समिक्षा गर्ने,

ङ) कार्यक्रम कार्यान्वयनको लागि विद्यालयमा गठित कार्यक्रम कार्यान्वयन समितिलाई आवश्यक सल्लाह, सुझाव तथा निर्देशन दिने,

च) आवश्यक अनुगमन, नियमन गर्ने,

छ) कार्यक्रम संञ्चालनमा सहजिकरण गर्ने,

ज) नीतिगत निर्णयको लागि शिक्षा समितिमा सिफारिस गर्ने,

झ) कार्यक्रम संञ्चालनमा आइपर्ने जटिलता र समस्या समाधान गर्ने,

ञ) सरोकारवाला पक्षबीच समन्वय गर्ने ।

६. बैठक सम्वन्धि व्यवस्थाः-

क) निर्देशक समितिको बैठक सो समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

ख) बैठकमा विज्ञ, तथा सम्वन्धित संस्थाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

७. अनुगमन समितिः-

१. कार्यक्रमको अवस्था, प्रभावकारिता र नतिजा लाई नियमन गर्नका लागि गाउँपालिका स्तरमा देहाय वमोजिमको अनुगमन समिति रहनेछ ।

क) गाउँपालिका उपाध्यक्ष संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य

ग) सामाजिक विकास समिति संयोजक सदस्य
घ) सम्वन्धित वडाको वडा अध्यक्ष सदस्य
ङ) शिक्षा शाखा प्रमुख सदस्य
८. अनुगमन समितिको काम कर्तव्य र अधिकार: देहाय बमोजिम हुने छ ।
क) आवश्यक्ता अनुसार विद्यालयहरुको अनुगमन गर्ने
ख) अनुगमन प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्ने
ग) सुधार गर्नु पर्ने पक्षहरुको पहिचान गर्ने
घ) कार्यक्रम कार्यान्वयनमा देखा परेका चुनौतीहरु पहिचान गरि समाधानका उपायहरु पहिल्याउने
९. कार्यक्रम कार्यान्वयन समितिः-
प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको पठनपाठनलाई संञ्चालन, व्यवस्थित र गुणस्तरीय बनाउनका लागि देहाय बमोजिमको समिति रहने छ ।
क) सम्वन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति अध्यक्ष- संयोजक
ख) सम्वन्धित विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्ष -सदस्य
ग) सम्वन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको सदस्य -सदस्य
घ) सम्वन्धित विद्यालयको प्राधानाध्यापक -सदस्य
ङ) कक्षाका विषयगत शिक्षकहरु -सदस्य
च) कक्षा १० मा अध्ययनरत विद्यार्थीका अभिभावक मध्येबाट संयोजकले तोकेको एक जना महिला सहित २ जना सदस्य
छ) कक्षा शिक्षकले तोकेको कक्षा १० को एक जना विद्यार्थी -सदस्य
ज) कक्षा शिक्षक -सदस्य सचिव
१०.कार्यक्रम कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार
क) कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने
ख) विद्यार्थी, अभिभावकसँग कार्यक्रम सञ्चालन सम्बन्धमा अन्तरक्रिया गर्ने

ग) कार्यक्रम कार्यन्वयनको खाका र कार्यतालिका तयार गर्ने
घ) कार्यक्रम सञ्चालनको लागि स्रोत, साधन व्यवस्थापन गर्ने
ङ) कार्यक्रम कार्यन्वयन सम्वन्धि नियम बनाउने
च) कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन अनुगमन समितिमा पेश गर्ने ।

## परिच्छेद ३
## कार्यक्रम कार्यान्वयन, छनौट सम्वन्धि व्यवस्था

११. कार्यक्रम संञ्चालन गर्नुपर्नेः (१) फिक्कल गाउँपालिकाका प्रत्येक सामुदायिक माध्यमिक विद्यालयले कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुलाई विद्यालयको समयभन्दा बाहेकको समयमा थप अतिरिक्त समयमा कक्षा संञ्चालन गर्नुपर्ने छ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि आधारभूत तथा माध्यमिक तहका जुनसुकै कक्षामा समेत अतिरिक्त कक्षा संचालन गर्ने सकिने छ ।
१२. स्रोत साधनको व्यवस्थापनः (१) विद्यालयले कार्यक्रम संञ्चालनको लागि आवश्यक भौतिक तथा वित्तीय स्रोतको व्यवस्थापन देहाय बमोजिम गर्न सक्नेछः
क) अभिभावकबाट उठाउने शुल्क
ख) गाउँपालिकाबाट प्राप्त अनुदान
ग) विद्यालयको स्रोत
घ) अन्य संघ, संस्था र दाताबाट प्राप्त सहयोग
२. उपदफा (१) मा उल्लेखित अभिभावकबाट उठाउने शुल्क र विद्यालयको स्रोत सम्वन्धित विध्यालय व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।
३. उपदफा (१) मा व्यवस्था भए बमोजिमको गाउँपालिकाबाट प्रदान गरिने अनुदान माध्यमिक विद्यालयहरुलाई समानुपातिक हिसाबले निर्देशक समितिले तोके बमोजिम हुनेछ ।

४. उपदफा (१) अनुसार संकलित स्रोतको अधिनमा रही अतिरिक्त कक्षा संञ्चालनमा खटिने शिक्षक तथा जनशक्तिलाई थप पारिश्रमिक दिन सकिने छ । साथै अतिरिक्त कक्षामा सहभागी हुने विद्यार्थीहरुलाई खाना, खाजा र आवासको व्यवस्था विद्यालयले गर्न सक्ने छ ।

५. उपदफा ४ मा भएको व्यवस्था अनुसार शिक्षक तथा जनशक्तिलाई प्रदान गरिने पारिश्रमिक र विद्यार्थीहरुलाई व्यवस्था गरिने खाना, खाजा र आवासमा लाग्ने खर्च र मापदण्ड विद्यालय व्यवस्थापन समितिलेले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. कार्यक्रम संञ्चालनको समय र अवधिः

(१) कार्यक्रम संञ्चालनको अवधि शैक्षिक सत्र शुरु भए देखि SEE परीक्षा हुनुभन्दा एक हप्ता अगाडि सम्म अतिरिक्त कक्षा संञ्चालन गर्नुपर्ने छ ।

(२) कार्यक्रम संञ्चालन समय विद्यालयको नियमित पठनपाठनको समय बाहेक विहान, बेलुका हुने गरी न्यूनतम तीन घण्टा अतिरिक्त समय कक्षा सञ्चालन गर्नुपर्ने छ ।

१४. अतिरिक्त कक्षामा समेटिनु पर्ने विषयः

(१) विद्यार्थीहरुको मूल्याङ्कन गरि विषय जटिलताका आधारमा समानुपातिक हिसावले अनिवार्य र ऐच्छिक विषयहरुको कक्षा संञ्चालन गर्नुपर्ने छ ।

## परिच्छेद ५- विविध

१५.प्रस्ताव पेश गर्नु पर्नेः- कार्यक्रम कार्यान्वयनको लागि विद्यालयहरुले कार्ययोजना, लागत साझेदारी सहितको प्रस्ताव पेश गर्नु पर्ने छ ।

१६. सम्झौता गर्नुपर्नेः- दफा १२ को उपदफा (३) वमोजिम गाउँपालिकाले अनुदान दिदाँ अनुसुची १

वमोजिमको ढाचामा सम्वन्धित विद्यालय सँग सम्झौता गर्नुपर्ने छ ।

**१७. निर्देशन पालना गर्नुपर्नेः- निर्देशक तथा अनुगमन समितिले कार्यक्रम कार्यनवयनको क्रममा दिएको निर्देशन विद्यालयहरुले पालना गर्नुपर्ने छ।**
**१८. यो कार्यविधि कुनै ऐन संग वाझिएको हदसम्म अमान्य हुने छ।**

## अनुसूची १
### (दफा १५ सँग सम्वन्धित सम्झौताको ढाचा)

फिक्कल गाउँपालिका खाङसाङ सिन्धुली भनिने (यसमा प्रथम पक्ष) र फिक्कल गाउँपालिका वडा नं. ..... मा अवस्थित श्री ............ भनिने (दोस्रो पक्ष) विच फिक्कल गाउँपालिकामा सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरुमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको लागि थप अतिरिक्त कक्षा सञ्चालन कार्यविधि अनुसार यस सम्बन्धमा दुवै पक्षले तपसिल अनुसारका शर्तहरुको पालना गर्न पुर्ण मंजुर छौ।

तपसिलः

**पहिलो पक्षले पालन गर्नुपर्ने शर्तहरुः**

१. विद्यालयमा अध्ययनरत कक्षा १० का विद्यार्थीहरुको संख्याका आधारमा गाउपालिकाबाट दिने अनुदान सम्झौत पश्चात एकमुष्ठ सम्बन्धित विद्यालयको वैक खातामा निकाशा दिने।
२. कार्यक्रम व्यवस्थापनको लागि विद्यालयलाई आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने।
३. कार्यक्रम व्यवस्थापन सम्बन्धमा नियमित अनुगमन तथा निरीक्षण गरी पृष्ठपोषण प्रदान गर्ने।
४. विद्यालयले कार्यक्रम कार्यानवयनका लागि प्रस्तावना पत्र पेश गर्नु पर्ने

**दोश्रो पक्षले पालन गर्नुपर्ने शर्तहरुः**

१.विद्यालयले लागत साझेदारी गर्नुपर्ने।

२.कार्यक्रम कार्यन्वयनका लागि गाउँपालिकाबाट प्राप्त अनुदान रकमबाट विद्यालयले गर्ने कार्यको वि.व्य.स. को निर्णय, कार्यनवयनको क्रमका बिल भर्पाई , अनुगमन रिपोर्ट शिक्षा युवा तथा खेलकुद शाखामा  पेश गर्नुपर्ने ।

३.अतिरिक्त कक्षा सञ्चालनका लागि  जनशक्ति विद्यालय आफैँले व्यवस्था गर्नुपर्ने ।

४.प्राप्त अनुदानबाट विद्यालय व्यवस्थापन समितिको निर्णायानुसार अनुसार खर्च गर्नुपर्ने ।

५. विद्यालयहरुले प्रगति प्रतिवेदन पेश गर्नु पर्ने

| | |
|---|---|
| पहिलो पक्ष (फिक्कल गाउँपालिका) को तर्फबाट | दोश्रो पक्ष (विद्यालय) को तर्फबाट |
| दस्तखतः | दस्तखतः |
| नामः | नामथर (विव्यस अध्यक्ष) |
| पदः  प्रमुख प्रशासकीय  अधिकृत | दस्तखतः |
| कार्यालयः फिक्कल गाउँपालिका | नामथर (प्र.अ) |
| मितिः | विद्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

रोहोवर

दस्तखत

नामः

पदः

कार्यालय

**आज्ञाले**

**डम्बरबहादुर रजनमगर**

**प्रमुख प्रशासकीय अधिकृत**